# नङ्पोलिश र लिपस्टिकको प्रयोग

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2015 - 1436

IslamHouse.com

# استخدام حمرة الشفاه والمناكير

« باللغة النيبالية »


تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي



2015 - 1436

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९७२७६४९२३८
९८१४४९९१४०
सउदी नं. ००९६६५०१३७२२५४
*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

Email- atiqkhannp1982@yahoo.com

# प्रस्तावना

अलहम्दु लिल्लाहि नहमदुहु व नस्तईनुहु व नस्तगफिरहु व नऊजु बिल्लाहि मिन शुरूरि अनफुसिना व मिन सईयाति अअ्मालिना, मैँयहदिहिल्लाहु फलामुजिल्ला लहु व मैँयुजलिल्हु फला हादियालहु व अश्हदु अल्लाइलाहा इल्लल्लाहु व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु । ( अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई सृष्टि गऱ्यो, र मानवलाई ज्ञान प्रदानगरी सर्वश्रेष्ठ जीवधारी बनायो । र अल्लाहको कृपा र शान्ति अवतरित होस् अल्लाहका समस्त दूतहरू माथि र विशेषगरी समस्त सन्देष्टाहरूको समापक अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँको अनुयायी हनुको हामीलाई गौरव प्राप्त छ । र शान्ति होस् उहाँका घरपरिवार र उहाँका मनोनीत साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र इस्लामको उन्नति र प्रगतिमा सहभागी भए, र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसैमाथि कार्यरतरही आफ्नो जीवन व्यतीत गरे । प्रस्तुत पुस्तिकामा मैले लिपस्टिक र नङपोलिश ( **Lipstick & Nail polish**) को बारेमा इस्लामको

दृष्टिकोणलाई कुरआन हदीस र विद्हरूको कथनको प्रकाशमा प्रष्ट पार्ने प्रयास गरेको छु

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाहसित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०,९८१४४९९१४०**

**Mob.00977-9727649238,9814499140**

## बिस्मिल्लाहिर्रहमानिर्रहीम

﴿ وَقُل لِّلۡمُؤۡمِنَٰتِ يَغۡضُضۡنَ مِنۡ أَبۡصَٰرِهِنَّ وَيَحۡفَظۡنَ فُرُوجَهُنَّ وَلَا
يُبۡدِينَ زِينَتَهُنَّ إِلَّا مَا ظَهَرَ مِنۡهَاۖ وَلۡيَضۡرِبۡنَ بِخُمُرِهِنَّ عَلَىٰ جُيُوبِهِنَّۖ
وَلَا يُبۡدِينَ زِينَتَهُنَّ إِلَّا لِبُعُولَتِهِنَّ أَوۡ ءَابَآئِهِنَّ أَوۡ ءَابَآءِ
بُعُولَتِهِنَّ أَوۡ أَبۡنَآئِهِنَّ أَوۡ أَبۡنَآءِ بُعُولَتِهِنَّ أَوۡ إِخۡوَٰنِهِنَّ أَوۡ
بَنِيٓ إِخۡوَٰنِهِنَّ أَوۡ بَنِيٓ أَخَوَٰتِهِنَّ أَوۡ نِسَآئِهِنَّ أَوۡ مَا مَلَكَتۡ أَيۡمَٰنُهُنَّ
أَوِ ٱلتَّٰبِعِينَ غَيۡرِ أُوْلِي ٱلۡإِرۡبَةِ مِنَ ٱلرِّجَالِ أَوِ ٱلطِّفۡلِ ٱلَّذِينَ لَمۡ
يَظۡهَرُواْ عَلَىٰ عَوۡرَٰتِ ٱلنِّسَآءِۖ وَلَا يَضۡرِبۡنَ بِأَرۡجُلِهِنَّ لِيُعۡلَمَ مَا يُخۡفِينَ
مِن زِينَتِهِنَّۚ وَتُوبُوٓاْ إِلَى ٱللَّهِ جَمِيعًا أَيُّهَ ٱلۡمُؤۡمِنُونَ لَعَلَّكُمۡ
تُفۡلِحُونَ ٣١ ﴾ النور: ٣١

अर्थ : र आस्थावान स्त्रीहरूसित भनिदिनुस् कि उनीहरूले पनि आफ्ना दृष्टिहरू तल राखे गरुन् र आफ्नो पवित्रताको रक्षा गरुन् आफ्ना श्रृंगार प्रकट नगरुन्, त्यसबाहेक जुन खुल्ला रहन्छ र आफ्ना वक्षस्थललाई दुपट्टाहरूले छोपी राखुन् र आफ्नो श्रृंगार कसैलाई प्रकट नगरुन्, आफ्ना पतिहरू वा आफ्ना बुबा वा आफ्नो

पतिको बुबा वा आफ्ना छोरा वा आफ्ना पतिको छोरा वा आफ्ना खासै भाइहरू वा भतिजाहरू वा आफ्ना भानि्जहरू वा आफ्नो मेलजोलका स्त्रीहरू वा जो लौंडीहरू र उनीहरूको अधीनस्थ यस्ता पुरुषहरू जसमा स्त्रीको आवश्यकता हुँदैन, वा ती बच्चाहरू जो कि स्त्रीहरूको कुरोसित परिचित हुँदैनन् तिनीहरू बाहेक । र आफ्ना खुट्टाहरू भूईंमा बजारेर नहिडुन् कि उनीहरूको लुकेको श्रृंगार थाहा भइहालोस् । र मोमिनहरू हो ! तिमी सबै अल्लाहको अगाडि प्रयश्चित गर ताकि तिमी मुक्ति पाउन सक । ( सूरतुन्नूर ३१ )

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّمَا ٱلۡخَمۡرُ وَٱلۡمَيۡسِرُ وَٱلۡأَنصَابُ وَٱلۡأَزۡلَٰمُ رِجۡسٞ مِّنۡ عَمَلِ ٱلشَّيۡطَٰنِ فَٱجۡتَنِبُوهُ لَعَلَّكُمۡ تُفۡلِحُونَ ٩٠ ﴾ المائدة: ٩٠

अर्थ : हे आस्थावानहरू ! मदिरा, जुआ बलिस्थान र शगुण पासा यी सबै अपवित्र र शैतानी कुराहरू मध्येका हुन् तसर्थ यिनीबाट टाढा रहनु ताकि मुक्ति प्राप्त गर्न सक । ( सूरतुल् माइदः ९० )

वर्तमान युगमा मनुष्यले प्रगति गरेर चन्द्र सम्म पुगिसकेको छ, र सूर्य सम्म पुग्ने प्रयासमा छ । र त्यसले अचम्म लाग्ने वस्तुहरूको निर्माण गरि अविश्वास्नीय कृतिहरू स्थापित गरिसकेको छ ।

तर आफ्नो ज्ञान एवं विद्याको उन्मादमा यस्ता यस्ता कुराहरू पनि निर्माण गरिसकेको छ जुन मानवको लागि अति घातक र दुखदायी छन् ।
यो वर्णन गर्नुको तात्पर्य यो कि मानवले प्रत्येक क्षेत्रमा यस्ता कुराहरू निर्माण गरेको छ जसमध्ये अधिकांश मानवको लागि हितकर भन्दा घातक नै सिद्ध भएका छन् । र विशेषरूपले मुसलमानहरूको लागि र त्यसै वस्तुहरू मध्ये लिपस्टिक र नङपोलिश पनि हुन् जसबारे म चर्चा गर्न चाहन्छु !
लिपस्टिक र नङपोलिशको इतिहास अति प्राचीन छ यसको प्रयोग हजारौं वर्ष अघि नै मिश्रमा बाबुलीहरूले गरेका थिए तर यसको आकार र मूल तथ्य आर्कै थियो, अर्थात रंग जस्ता पदार्थहरू यसको लागि प्रयोग गरिन्थ्यो । र यसलाई ख्याति कलोपतरा नामक मिश्री रानीले प्रदान गरिन् र उनैको देखादेखी सर्वसाधारण महिलाहरूले यसको प्रयोग आरम्भ गरिन् । पछि आएर यसलाई आर्को आकारमा परिवर्तित गरिदै गरियो यहाँसम्म कि उन्नाइसौं ईस्वी शताब्दीमा यसलाई हामीले प्रयोग गरिरहेको तथ्यहरूद्वारा निर्मित गरियो र बीसौं शताब्दीमा यो प्रचलित भयो र यसमा अनेकौं प्रकारको सुधार गरियो र

यसका मूल तथ्यहरूमा अनेकौं पदार्थको मिश्रण गरियो जसमध्ये सुँगुरको बोसो (चर्बी) लाई पनि मिश्रित गरियो ।

पश्चिमीहरू विशेषरूपले मुस्लिम समाजलाई विनाश गर्नुको लागि दिनराती परिश्रम र षडयन्त्र गरिरहन्छन् । र इस्लाम विरोधी शक्तिहरू इस्लामीय सभ्यतालाई नष्ट गर्ने उद्देश्यले इस्लामीय विधान विरुद्ध भएका वस्तुहरूलाई निर्माण गरी बचारमा प्रचलित गर्छन् र त्यसको प्रचार प्रसार पनि गरिन्छ ताकि मुस्लिम समाजलाई अस्तव्यस्त गरियोस् । यसैक्रममा कहिले इस्लाम विरोधी विचारधारालाई प्रचार गरिन्छ, त कहिले महिलाहरूको हक हनन्को दुहाई दिइन्छ, त कहिले परदा विरुद्ध प्रचार गरिन्छ, त कहिले तलाकको सम्बन्धमा टिप्पणी गरिन्छ, त कहिले बहुविवाहलाई मुद्दा बनाई इस्लामलाई बदनाम गर्ने दुष्प्रयास गरिन्छ ।

त जब सबैप्रकारका प्रयासहरू गरेर इस्लाम विरोधीहरू थाके र असफल भए, त आर्को बाटो लाग्ने निर्णय गरे । र मुसलमानहरूलाई शारीरिक र मानसिक उत्पीडन दिने दुसाहस गरे र त्यसै प्रयासमध्ये लिपस्टिक र नङपोलिश पनि हो जसद्वारा मुसलमान महिलाको शरीर र धर्मलाई

नष्ट पार्ने प्रयास गरिएको छ, र त्यसको प्राकृतिक सुन्दरतालाई कुरूपतामा परिणत गरिने आँट गरिएको छ । र यी इस्लामका शत्रुहरू यसमा सफल पनि भइरहेका छन् । किनकि मुसलमान महिला चाहे त्यो शिक्षित होस् वा अनभिज्ञ यस षडयन्त्रको जालमा पूर्णतः परिसकेको छे ।

मुस्लिम महिलाको मेकअप र श्रृंगार त्यति बेलासम्म पूर्ण हुँदैन जबसम्म त्यो लिपस्टिक र नङपोलिशको प्रयोग नगरोस् । तर वर्तमानकालमा प्रचलित यी दुवै पदार्थ इस्लामीय दृष्टिले अवैध र हराम छन् मात्र ती बाहेक जसमा कुनै प्रकारको हानि र अशुद्धि नहोस्, तर यसखालका लिपस्टिक र नङपोलिश हाम्रा नेपाली बजारहरूमा उपलब्ध छैनन् । किनकि हाम्रो नेपालमा हिन्दू र गैर मुस्लिमहरूको बहुसंख्या भएको कारण हराम हलालको कुनै कुरा नै छैन ।

## लिपस्टिक

रह्यो कुरो लिपस्टिकको त सर्व प्रथम यसमा सुँगुरको बोसो मिसाइन्छ यसकारण यसको प्रयोग हराम छ किनकि साक्षात सुँगुर नै हराम छ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّمَا ٱلۡخَمۡرُ وَٱلۡمَيۡسِرُ وَٱلۡأَنصَابُ وَٱلۡأَزۡلَٰمُ رِجۡسٞ مِّنۡ
عَمَلِ ٱلشَّيۡطَٰنِ فَٱجۡتَنِبُوهُ لَعَلَّكُمۡ تُفۡلِحُونَ ٩٠ ﴾ المائدة: ٩٠

अर्थ : हे आस्थावानहरू ! मदिरा, जुआ बलिस्थान र शगुण पासा यी सबै अपवित्र र शैतानी कुराहरू मध्येका हुन् तसर्थ यिनीबाट टाढा रहनु ताकि मुक्ति प्राप्त गर्न सक । ( सूरतुल् माइदः ९० )

﴿ إِنَّمَا حَرَّمَ عَلَيۡكُمُ ٱلۡمَيۡتَةَ وَٱلدَّمَ وَلَحۡمَ ٱلۡخِنزِيرِ وَمَآ أُهِلَّ بِهِۦ
لِغَيۡرِ ٱللَّهِۖ فَمَنِ ٱضۡطُرَّ غَيۡرَ بَاغٖ وَلَا عَادٖ فَلَآ إِثۡمَ عَلَيۡهِۚ إِنَّ ٱللَّهَ غَفُورٞ
رَّحِيمٌ ١٧٣ ﴾ البقرة: ١٧٣

अर्थ : तिम्रो लागि मृतक जनावर, रगत, सुँगुरको मासु र जुन कुरामा अल्लाह बाहेक अरु कसैको नाम पुकारिन्छ, हराम (वर्जित) बनाइएको छ, तर जो मजबूर छ र अल्लाहको आदेशको सीमा उल्लंघन र आवश्यक्ता (प्राण बचाउन) को सीमा नाघ्दैन, त्यस निरुपाय व्यक्तिको लागी कुनै पाप हुँदैन । (नि:सन्देह) अल्लाह क्षमा प्रदान गर्नेवाला, दयावान छ । ( सूरतुल् बकर: १७३ )

﴿ حُرِّمَتۡ عَلَيۡكُمُ ٱلۡمَيۡتَةُ وَٱلدَّمُ وَلَحۡمُ ٱلۡخِنزِيرِ وَمَآ أُهِلَّ لِغَيۡرِ ٱللَّهِ بِهِۦ
وَٱلۡمُنۡخَنِقَةُ وَٱلۡمَوۡقُوذَةُ وَٱلۡمُتَرَدِّيَةُ وَٱلنَّطِيحَةُ وَمَآ أَكَلَ ٱلسَّبُعُ إِلَّا مَا

ذَكَّيْتُمْ وَمَا ذُبِحَ عَلَى ٱلنُّصُبِ وَأَن تَسْتَقْسِمُوا۟ بِٱلْأَزْلَٰمِ ۚ ذَٰلِكُمْ فِسْقٌ ۗ
ٱلْيَوْمَ يَئِسَ ٱلَّذِينَ كَفَرُوا۟ مِن دِينِكُمْ فَلَا تَخْشَوْهُمْ وَٱخْشَوْنِ ۚ ٱلْيَوْمَ
أَكْمَلْتُ لَكُمْ دِينَكُمْ وَأَتْمَمْتُ عَلَيْكُمْ نِعْمَتِى وَرَضِيتُ لَكُمُ ٱلْإِسْلَٰمَ
دِينًا ۚ فَمَنِ ٱضْطُرَّ فِى مَخْمَصَةٍ غَيْرَ مُتَجَانِفٍ لِّإِثْمٍ ۙ فَإِنَّ ٱللَّهَ غَفُورٌ
رَّحِيمٌ ﴿٣﴾ المائدة: ٣

अर्थ : तिम्रो लागि मृतक जनावर र रगत र सुँगुरको मासु र जुन कुरामा अल्लाह बाहेक अरु कसैको नाम पुकारिएको छ र जुन जनावरलाई घाँटी अठ्याएर मारिन्छ र जुन कुनै चोट लागेबाट मर्छ र जुन कुनै अग्लो ठाउँबाट लडेर मर्छ र जुन कसैको सिंगको प्रहारबाट मर्दछ, यी सबै हराम (वर्जित) छन् र ती जनावरहरू पनि जसलाई कुनै हिंसक पशुले चिथोरेर मारेको हुन्छ तर जसलाई तिमीले (मर्नुभन्दा अगाडि) जब्ह ( वैध) गरिहाल्छौ, भने ती जनावरहरू वर्जित हुँदैनन् । र त्यस्ता जनावर पनि हराम छन् जसलाई कुनै स्थानमा (बलि बेदीमा) जब्ह गरिएको हुन्छ र तीर चलाई भाग्यको खेल खेलेर मारिएको मासु पनि त्याज्य छ । यी सबै नराम्रा काम हुन् । आज काफिरहरू तिम्रो धर्मबाट निराश भइसकेका छन्, खबरदार तिनीहरूसित

नडर र मसित मात्र डर मान्ने गर । आज हामीले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेका छौं र तिम्रालागि आफ्ना कृपाहरू पूरा गरिसकेका छौं र तिम्रो लागि इस्लाम धर्म रोज्यौं, तर यदि कुनै व्यक्ति भोखले बाध्य भएर गुनाह तिर प्रवृत्त नभई खाइहाल्छ भने अल्लाह क्षमादाता र दयालु छ । ( सूरतुल् माइदः ३ )

﴿ قُل لَّآ أَجِدُ فِي مَآ أُوحِيَ إِلَيَّ مُحَرَّمًا عَلَىٰ طَاعِمٍ يَطْعَمُهُۥٓ إِلَّآ أَن
يَكُونَ مَيْتَةً أَوْ دَمًا مَّسْفُوحًا أَوْ لَحْمَ خِنزِيرٍ فَإِنَّهُۥ رِجْسٌ أَوْ
فِسْقًا أُهِلَّ لِغَيْرِ ٱللَّهِ بِهِۦ ۚ فَمَنِ ٱضْطُرَّ غَيْرَ بَاغٍ وَلَا عَادٍ فَإِنَّ رَبَّكَ
غَفُورٌ رَّحِيمٌ ﴿١٤٥﴾ ﴾ الأنعام: ١٤٥

अर्थ : हे नबी, यिनीहरूलाई भन्नुस्: “कि, जुन आदेश म माथि “वह्य” मार्फत उतारिएको छ त्यसमा मैले कुनै चिज त्यस्तो पाउदिन जुन खानेले खान्छन् तर त्यसललाई वर्जित गरिएको होस् । त्यस बाहेक यदि त्यो मृतक पशु होस् वा बगिरहेको रगत वा सुँगुरको मासु होस् (किनभने यी सबै बिल्कुल अपवित्र हुन्) वा अर्को कुनै कुरा जुन मर्यादाको खिलाफ होस् । जसमा अल्लाह बाहेक अरु कसैको नाम लिइएको हुन्छ, तर बिवस भएको अवस्था बाहेक, यस शर्तमा कि बिवशतामा खाने मानिसले स्वादको लागि

खाएको नहोस् न त ऊ सीमालाई नै नाघ्ने व्यक्ति छ । तब निश्चय नै तिम्रो पालनकर्ता क्षमादाता र दयावान छ । ( सूरतुल् अन्आम १४५ )

﴿ إِنَّمَا حَرَّمَ عَلَيْكُمُ ٱلْمَيْتَةَ وَٱلدَّمَ وَلَحْمَ ٱلْخِنزِيرِ وَمَآ أُهِلَّ لِغَيْرِ ٱللَّهِ بِهِۦ ۖ فَمَنِ ٱضْطُرَّ غَيْرَ بَاغٍ وَلَا عَادٍ فَإِنَّ ٱللَّهَ غَفُورٌ رَّحِيمٌ ﴿١١٥﴾ ﴾ النحل: ١١٥

अर्थ : उसले तिम्रो लागि मुर्दा जनावर र रगत र सुंगुरको मासु हराम (वर्जित) गरेको छ र जुन कुरामा अल्लाह बाहेक कुनै अन्यको नाम पुकारिन्छ तर हो (त्यस अवस्था बाहेक) यदि कोही वाध्य हुन्छ तर यस शर्तमा मात्र कि ऊ स्वयम् त्यसको इच्छुक नहोस् र सीमाभन्दा अगाडि जान नखोजोस्, त निःसन्देह अल्लाह क्षमादाता र दयावान छ । ( सूरतुन्नहल ११५ )

त सुँगुर हराम (वर्जित) छ र त्यससित संलग्न समस्त कुराहरू पनि हराम छन् जस मध्ये त्यसको बोसो पनि हो तसर्थ त्यो पनि हराम छ । र विगतमा अल्लाहले यहूदीहरूमाथि केही जनावरलाई र केही जनावरका बोसोहरूलाई हराम गरेको थियो अनि उनीहरूले त्यसको

बोसोला आर्को तरिकाले प्रयोग गरेकोमा अभिशप्त भएका थिए। अल्लाहको फर्मान छ :

﴿ وَعَلَى ٱلَّذِينَ هَادُوا۟ حَرَّمْنَا كُلَّ ذِى ظُفُرٍۢ ۖ وَمِنَ ٱلْبَقَرِ
وَٱلْغَنَمِ حَرَّمْنَا عَلَيْهِمْ شُحُومَهُمَآ إِلَّا مَا حَمَلَتْ ظُهُورُهُمَآ أَوِ
ٱلْحَوَايَآ أَوْ مَا ٱخْتَلَطَ بِعَظْمٍۢ ۚ ذَٰلِكَ جَزَيْنَٰهُم بِبَغْيِهِمْ ۖ وَإِنَّا لَصَٰدِقُونَ
١٤٦ ﴾ الأنعام: ١٤٦

अर्थ : र यहूदीहरूको निम्ति हामीले नङ्ग भएका सम्पूर्ण जनावरहरूलाई वर्जित बनाएका थियौं, र गाई र बाख्राको बोसो हराम गरिदिएका थियौं, तर त्यस बाहेक जुन (बोसो) तिनीहरूको पिठ्युँमा टासिएको हुन्छ वा आन्द्रामा लागेको हुन्छ वा हाडमै टासिएको हुन्छ। यो सजाय हामीले तिनीहरूलाई तिनीहरूको बदमाशीको कारण दिएका थियौं। हामी त साँचो भन्नेवाला हौं। ( सूरतुल् अन्आम १४६ )

र हदीसमा वर्णन छ : “ महान अल्लाह यहूदीहरूलाई विनष्ट गरुन् कि जब अल्लाहले उनीहरूमाथि बोसोलाई निषेधित गरिदिए त उनीहरूले त्यसलाई पगलाएर बिक्री गरे अनि त्यसबाट प्राप्त राशिलाई खाए ” । ( तिर्मिजी, अबू दाऊद, नेसाई, इब्ने माजा )

त प्रष्ट यो भयो कि सुँगुरको बोसोले बनेको यो अपवित्र लिपस्टिक हराम हुनुको साथै यसलाई लगाएर यदि कोही नमाज पढछ भने त्यसको नमाज हुँदैन किनकि यो अपवित्र छ जस्तोकि सूरतुल अन्आमको श्लोकबाट प्रष्ट भयो । त अपवित्र कुरा खानु र प्रयोग गर्नु इस्लाममा जायज छैन जस्तोकि अल्लाहको फर्मान छ :

﴿يَسْـَٔلُونَكَ مَاذَآ أُحِلَّ لَهُمْۖ قُلْ أُحِلَّ لَكُمُ ٱلطَّيِّبَٰتُ﴾ المائدة: ٤

अर्थ : (तिनीहरू) तपाईसित सोध्छन् कि तिनीहरूका लागि कुन कुन कुराहरू ग्रहण गर्न योग्य छन् । भनिदिनुस् कि सम्पूर्ण पवित्र कुराहरू तिम्रा लागि हलाल छन् । ( सूरतुल् माइदः ४ )

﴿قُل لَّا يَسْتَوِي ٱلْخَبِيثُ وَٱلطَّيِّبُ وَلَوْ أَعْجَبَكَ كَثْرَةُ ٱلْخَبِيثِۚ فَٱتَّقُواْ ٱللَّهَ يَٰٓأُوْلِي ٱلْأَلْبَٰبِ لَعَلَّكُمْ تُفْلِحُونَ ١٠٠﴾ المائدة: ١٠٠

अर्थ : तपाई भनिदिनुस् कि अपवित्र र पवित्र कुराहरू बराबर हुँदैनन् यद्यपि अपवित्र कुराहरूको बाहुल्य तिमीलाई आकर्षित पार्न सक्छ । तसर्थ हे विवेक भएका मानिसहरू !

अल्लाहसँग डर मान्ने गर ताकि सफलता प्राप्त गर्न सक । ( सूरतुल् माइदः १०० )

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ كُلُوا۟ مِمَّا فِى ٱلْأَرْضِ حَلَٰلًا طَيِّبًا وَلَا تَتَّبِعُوا۟ خُطُوَٰتِ ٱلشَّيْطَٰنِ ۚ إِنَّهُۥ لَكُمْ عَدُوٌّ مُّبِينٌ ﴿١٦٨﴾ ﴾ البقرة: ١٦٨

अर्थ : मानिसहरू ! जति कुराहरू धर्तीमा हलाल छन् ती खानु र पिउनु र शैतानको पद चिन्हहरूमा नहिंडनु । त्यो तिम्रो खुल्लम-खुल्ला शत्रु हो । ( सूरतुल् बकरः १६८ )

तसर्थ यसको प्रयोग हराम छ किनकि यो अपवित्र छ ।

र सुँगुरका अनेकौं नामहरू छन् जस मध्ये कुनै एक लिपस्टिकमाथि लेखिएको हुन्छ र त्यसको प्रख्यात नामलाई त्यसमाथि लेखिदैन ताकि मुसलमानलाई र अन्य सुँगुरसित घृणा गर्ने मान्छेहरूलाई धोका देउन् । त त्यसका नामहरू मध्ये केही निम्न हुन् :

Pig, Sparkle, Swine, Hot, Hamporex, Parker, Lard, Decon, Pepsen, Bacon, Pork, Gammon, Porcine, Boar, Swinish, Hog ..... आदि ।

र दोस्रो कुरो के छ भने यो लिपस्टिक घातक र हानिकारक छ जसलाई म अगाडि वर्णन गर्दछु । त हानिकारक पर्दाथ इस्लामीय दृष्टिमा हराम

छन किनकि मान्छे आफूलाई आफै मार्ने सरह भइहाल्छ र अल्लाहको फर्मान छ :

﴿ وَلَا تُلْقُوا۟ بِأَيْدِيكُمْ إِلَى ٱلتَّهْلُكَةِ ﴾ البقرة: ١٩٥

अर्थ : र आफैले आफूलाई विनाशमा नपार । ( सूरतुल् बकर: १९५ )

﴿ وَلَا تَقْتُلُوٓا۟ أَنفُسَكُمْ ۚ إِنَّ ٱللَّهَ كَانَ بِكُمْ رَحِيمًا ﴿٢٩﴾ ﴾ النساء: ٢٩

अर्थ : र आफूलाई आफै नमार । यसमा कुनै सन्देह छैन कि अल्लाह तिमीमाथि धेरै कृपालु छ । ( सूरतुन्निसा २९ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " नत कोही कसैलाई हानि पुऱ्याओस् नत त्यसलाई हानि पुऱ्याइयोस् " । ( इब्ने माजा, दारकुत्नी )

त प्रष्ट यो भयो कि यो हानिकारक छ यसलेगर्दा यो हराम छ किनकि यसद्वारा मान्छे आफै आफूलाई हत्या गर्छ ।

## लिपस्टिकका हानिहरू

१- यो मानिसको ओठलाई प्रकृतिक सुन्दरताबाट वंचित गरिदिन्छ ।

२- यसबाट ओठमा केन्सर हुन्सक्छ ।

३- यसबाट मुखमा दुर्गन्ध आउन थाल्छ ।

४- यसद्वारा सम्पत्तिलाई अपव्यय तरिकाले खर्च गरिन्छ ।
५- मुखको स्वाद परिवर्तित भइहाल्छ ।
६- यसलाई लगाएर वजू र नमाज हुँदैन ।

## नङपोलिश

नङपोलिश पेन्ट जस्तो पदार्थ हो जसलाई महिलाहरू आफ्नो नङमाथि प्रयोग गर्छिन् । र यसको हराम हुनुमा कसैको विभेद र असहमति छैन किनकि यसलाई लगाए पश्चात नत वजू सही हुन्छ नत स्नान तसर्थ अपवित्रताको अवस्थामा नमाज कसरी सही र शुद्ध हुन्सक्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः "नमाजको शुद्धता वजूको शुद्धतामा निर्भर छ" ।
( अबू दाऊद, नेसाई, इब्ने माजा, हाकिम )

त जब यसलाई प्रयोग गरे पश्चात वजू नै शुद्ध हुँदैन किनकि नङमाथि पानी नै पुग्दैन त वजू कसरी शुद्ध हुन्सक्छ र जब वजू नै शुद्ध हुँदैन त नमाज कसरी शुद्ध हुन्सक्छ । हदीसमा यसै सन्दर्भमा वर्णन छ :

अर्थ : अनस रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहेवसल्लमले एउटा मान्छेको खुट्टामा नङ बराबरको ठाउँमा पानी नपुगेको हेरर भने फर्केर जाऊ र शुद्ध तरिकाले वजू गर । ( अबू दाऊद, नेसाई )

र दोस्रो कुरो के छ भने यो नास्तिक र काफिरहरूको महिलाहरूको अनुरूपता अख्तियार गर्नु हो । र हदीसमा छ :

अर्थ : जसले जस सम्प्रदायको अनुरूपता अख्तियार गर्‍यो त्यो त्यसै सम्प्रदाय मध्येको भइहाल्यो । ( अबू दाऊद )

र तेस्रो कुरो के छ भने यो फजूल खर्ची हो । र यस सन्दर्भमा अल्लाहको फर्मान छ :

﴿ ۞ يَٰبَنِيٓ ءَادَمَ خُذُواْ زِينَتَكُمۡ عِندَ كُلِّ مَسۡجِدٖ وَكُلُواْ وَٱشۡرَبُواْ وَلَا تُسۡرِفُوٓاْۚ إِنَّهُۥ لَا يُحِبُّ ٱلۡمُسۡرِفِينَ ٣١ ﴾ الأعراف: ٣١

अर्थ : हे आदमको सन्तति प्रत्येक नमाजको बेला तिमीहरू राम्रोसँग लुगा लगाउने गर, र प्रयाप्त खाने पिउने गर तर फजूलखर्ची नगर । नि:सन्देह अल्लाह अपव्यय गर्च गर्नेहरूलाई मन पराउँदैन । ( सूरतुल् अअ्राफ ३१ )

﴿ وَلَا تُسۡرِفُوٓاْۚ إِنَّهُۥ لَا يُحِبُّ ٱلۡمُسۡرِفِينَ ١٤١ ﴾ الأنعام: ١٤١

अर्थ : र फजूलखर्ची नगर, अल्लाह फजूलखर्ची गर्नेहरूलाई मायाँ गर्दैन । ( सूरतुल् अन्आम १४१ )

﴿ إِنَّ ٱلۡمُبَذِّرِينَ كَانُوٓاْ إِخۡوَٰنَ ٱلشَّيَٰطِينِۖ وَكَانَ ٱلشَّيۡطَٰنُ لِرَبِّهِۦ كَفُورٗا ٢٧ ﴾ الإسراء: ٢٧

अर्थ : किन भने फाल्तूखर्च गर्नेहरू त शैतानका दाजुभाइहरू हुन् र शैतान आफ्नो पालनहारको प्रति ठूलो कृतध्न छ । ( सूरतुल् इस्रा २७ )

यस कारण नङपोलिश प्रयोग गर्नु हराम छ ।
र यसको प्रयोगमा हानि पनि छ जस्तो कि आजको आधुनिक साइन्स एवं विज्ञानको भनाई छ कि मनुष्य जस्तै नङलाई पनि पानी र ओक्सीजनको आवश्यकता पर्छ तसर्थ त्यसमाथि नङपोलिश लागेको कारण त्यो यी दुवैबाट वंचित भइहाल्छ, र त्यसको आकार र सुन्दरतामा विकार आउनथाल्छ जस्तोकि हामी साक्षात यसको दर्शन गर्दैछौं ।
यस्तै साइन्स जगतको भनाई छ कि औंलाहरूको टुप्पोमा जुन ससाना दानाहरू निस्कन थाल्छन् त्यसको प्रमुख कारण हो नङपोलिशको प्रयोग । प्रष्ट यो भयो कि नङपोलिश र लिपस्टिक कैयौं कारणहरूको आधारमा हराम छन् यदि मैले वर्णन गरेको मध्ये मात्र एउटै कारण पाइयो भने यसलाई हराम गर्नुको लागि प्रयाप्त छ । र वर्तमनका अधिकांश विद्हरूले पनि यसलाई हराम भनेका छन् उदाहरणको लागि केहीको उदगार प्रस्तुत गर्दछु !
सउदीको विदहरूको समूहसित यस सन्दर्भमा प्रश्न गरियो त यस संगठनको जवाफ थियो: वजूका समस्त अंगहरूलाई धुल्नु अनिवार्य छ अल्लाहको यो कथन बमोजिम :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِذَا قُمۡتُمۡ إِلَى ٱلصَّلَوٰةِ فَٱغۡسِلُواْ
وُجُوهَكُمۡ وَأَيۡدِيَكُمۡ إِلَى ٱلۡمَرَافِقِ وَٱمۡسَحُواْ بِرُءُوسِكُمۡ
وَأَرۡجُلَكُمۡ إِلَى ٱلۡكَعۡبَيۡنِۚ ﴾ المائدة: ٦

अर्थ : हे मोमिनहरू ! जब तिमीले नमाज पढ्ने विचार गर्छौ तब मुख र कुइनो समेत हात धुनु र आफ्नो टाउकोको मसह (पानीले हात भिजाई निधारदेखि पछाडिसम्म स्पर्श) गर र आफ्ना खुट्टा गोली गाँठोदेखि छेपारीसम्म धोऊ । ( सूरतुल् माइद: ६ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसलाई गरेको हुनाले र यसलाई हदीसहरूमा स्पष्ट पारेको कारण जसले पनि वजू बनाए पश्चात वा नमाज पढे पश्चात कुनै यस्तो चिज आफ्नो वजूका अगंहरूमा हेर्छ जसलेगर्दा वजूको पानी चर्मसम्म पुगेको छैन भने त्यसलाई झिकेर पुन: वजूगरी पुन: नमाज पढोस् । ( अल्लजनतुद्दाइमा लिल् बहूसुल् इल्मीया वल् इफता फतवा नं. ७५२३ )

र शैख मुहम्मद बिन सालेह अल् उसैमीनको फतवा छ : कि यस्तो लिपस्टिक जसमा सुँगुरको बोसो र कुनै अरु अपवित्र तथ्यको मिश्रण नभएको होस् नत त्यो ओठ र चर्मको लागि

हानिकारक नै होस् भने यस्तो खालको लिपस्टिकलाई प्रयोग गरेर महिला नत बाहिर निस्कोस् भने यस्तो खालको लिपस्टिक विषेशरूपले विवाहित महिलाको लागि जायज छ । ( फतावश्शैख इब्ने उसैमीन भाग २ पे.८२ ) अर्थात यदि सुँगुरको बोसो त्यसमा मिश्रित छ वा त्यो ओंठको लागि हानिकारक छ भने जायज छैन । र हामी पहिला नै वर्णन गरिसकेका छौं कि यस्तो खालको लिपस्टिक जसमा यी तथ्यहरु मिश्रित छैनन् जायज छ तर यस्तो खालको लिपस्टिक मिल्नु दर्लभ छ । तर गाउँहरूमा यस लिपस्टिकको सट्टामा एउटा विशेष प्रकारको रंग जस्तो भएको पदार्थ प्रयोग गरिन्छ त्यो हराम छैन बरु जायज छ र लिपस्टिकको नै कार्य गर्छ । र शैख इब्ने उसैमीनको नै नङपोलिशको बारेमा कथन छ कि : नङपोलिश जसलाई महिलाहरू प्रयोग गर्छिन त्यो प्रयोग गर्नु जायज छैन किनकि त्यो चर्म सम्म पानी पुग्नुलाई बाधित गरिदिन्छ र अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِذَا قُمۡتُمۡ إِلَى ٱلصَّلَوٰةِ فَٱغۡسِلُواْ
وُجُوهَكُمۡ وَأَيۡدِيَكُمۡ إِلَى ٱلۡمَرَافِقِ وَٱمۡسَحُواْ بِرُءُوسِكُمۡ
وَأَرۡجُلَكُمۡ إِلَى ٱلۡكَعۡبَيۡنِۚ ﴾ المائدة: ٦

अर्थ : हे मोमिनहरू ! जब तिमीले नमाज पढ्ने विचार गर्छौ तब मुख र कुइनो समेत हात धुनु र आफ्नो टाउकोको मसह (पानीले हात भिजाई निधारदेखि पछाडिसम्म स्पर्श) गर र आफ्ना खुट्टा गोली गाँठोदेखि छेपारीसम्म धोऊ । ( सूरतुल् माइद: ६ )

त वजूका समस्त अंगहरूलाई धोउनु अनिवार्य छ र यदि यस्तो गरिन्न भने वजूको अनिवार्य कार्यहरू मध्ये एउटालाई स्थगित गरिन्छ जुन जायज छैन । ( फतावान्नेसाईया लिश्शैख मुहम्मद बिन सालेह अल् उसैमीन )

त प्रष्ट यो भयो कि उपरोक्तमा वर्णित दुवै वस्तु पहिला त फजूलखर्ची हुन् किनकि श्रृंगारका यसबाहेक अरु कुराहरू पनि छन् जुन घरमै पाइन्छन् । यदि यसलाई फजूलखर्ची नमानियोस् तै पनि यसलाई प्रयोग गरेमा हाम्रो शरीरलाई हानि हुन्छ । र हानिकारक पर्दाथको प्रयोग इस्लाममा हराम छ । र यो काफिर महिलाहरूको अनुरूपता अख्तियार गर्नुलाई पनि बोध गर्छ । र साथै यो महिलालाई घरबाट बाहिर निस्कनुमा प्रोत्साहित पनि गर्छ र निर्लज्जतातर्फ प्रेरित गर्ने स्रोत पनि हो । यसलेगर्दा मेरो आफ्नो दिदीबहिनीहरू सित नम्रताको साथ निवेदन छ

कि यसलाई त्यागेर कुनै पवित्र र जायज कुराद्वारा श्रृंगार गरुन् र यस्ता हनिकारक कुराहरूबाट बाँच्ने प्रयत्न गरुन् । र आफ्ना केटीहरूलाई यसबाट जोगाउन् र उनीलाई इस्लामीय तालिम र इस्लामीय संस्कृतिद्वारा सुसज्जित गरुन् किनकि उनी नै भविष्यका प्रकाश हुन् यसलेगर्दा हे दिदीबहिनीहरू तपाईको कर्तव्य इस्लामीय समाजको निर्माणमा अति संवेदनशील र महत्वपूर्ण छ । यसले आफ्नो कर्तव्यलाई बुझ्नुस् र त्यसको पूर्णरूपले निर्वाहन गर्ने प्रयत्न गर्नुस् ।

अन्तमा अल्लाहसित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभान्वित हुने सुअवसर प्रदान गरुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# ***समाप्त***

## ***लेखक***

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9814499140-9727649238
00966-0501372254
Email-
**atiqkhannp1982@yahoo.com**